नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# नव नियुक्त सञ्चालक समिति सदस्य श्री **युवराज भुसाल**द्वारा पद तथा गोपनीयताको सपथ ग्रहण



नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७० चैत्र २७ गतेको निर्णय अनुसार नव नियुक्त अर्थ सचिव श्री युवराज भुसालले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा १ बमोजिम नेपाल राष्ट्र बैंक सञ्चालक समिति सदस्यको पद तथा गोपनीयताको सपथग्रहण गर्नुभयो । सर्बोच्च अदालतका माननीय न्यायाधीश श्री गिरीशचन्द्र लालले २०७० वैशाख १२ गते आयोजित एक समारोहबीच सचिव श्री भुसाललाई सपथ ग्रहण गराउनुभएको हो ।

सपथ ग्रहण पश्चात नवनियुक्त सञ्चालक श्री भुसाललाई सफल कार्यकालको वधाई तथा शुभकामना दिँदै माननीय न्यायाधीश श्री लालले नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्न श्री भुसालको अध्ययन, अनुभव र उच्च स्तरको कार्यक्षमताले महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

वि.सं.२०१४ सालमा गुल्मीमा जन्मिई क्षेत्रीय विकास-योजना तथा व्यवस्थापन विषयमा थाइलैन्ड र जर्मनीबाट उच्च अध्ययन हासिल गर्नुभएका श्री भुसालले त्रिभुवन विश्वविद्यालयबाट मानविकीमा स्नातकोत्तरका साथै कानुनमा स्नातकको शैक्षिक योग्यता हासिल गर्नुभएको छ । एसियन इस्टिच्युट अफ टेक्नोलोजी (AIT) बाट सर्बोत्कृष्ट अङ्क हासिल गरेवापत उहाँले महेन्द्र विद्याभूषण पदक समेत प्राप्त गर्नुभएको छ ।

वि.सं. २०३७ सालमा नेपाल सरकारको शाखा अधिकृत पदबाट आफ्नो पेशागत जीवन प्रारम्भ गर्नुभएका श्री भुसालले राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय लगायतका निकायको विशिष्ट श्रेणीको अनुभव हासिल गर्नुभएको छ ।

राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तर्गतका परियोजनाका साथै विभिन्न व्यावसायिक तालिम हासिल गर्नुभएका श्री भुसालले विकास योजना र व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, विकेन्द्रीकरण र स्थानीय प्रशासन, मानव संशाधन व्यवस्थापन एवम् प्रशासनिक सुधार विषयमा विभिन्न अनुसन्धान गर्नुका साथै विभिन्न कार्यपत्र समेत प्रस्तुत गर्नुभएको छ ।

नव नियुक्त सञ्चालक श्री भुसाललाई बैंक सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

मिति २०७१।१।१४ गभर्नरको कार्यालय